भीमेश्वर नगरपा...
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

२०८०/०३/०७ गतेको तेश्रो नगर सभाको पहिलो बैठक

निर्णय नं. १ः- भीमेश्वर नगरपालिकाको मिति २०८०/०३/०६ गतेको बाह्रौं नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम स्थानीय तह निर्वाचन २०७९ पछिको तेश्रो नगर सभाको पहिलो बैठकमा भीमेश्वर नगरपालिकाका उपप्रमुख श्री कमला बस्नेतले नगर सभा समक्ष प्रस्तुत गर्नु भयो ।

प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिदै नगर सभा सदस्यहरु क्रमसः रघुनाथ कार्की, तारानाथ चौलागाईं, पासाङ तामाङनी र एकमाया भुजेल समेतले वार्षिकनीति तथा कार्यक्रममा आ-आफ्ना धारणा राख्दै नीति तथा कार्यक्रम अत्यन्त राम्रो भएको र थप केही बिषयहरु समावेस गरी कार्यान्वयनमा जोड दिदा राम्रो हुने धारणा राखु भयो ।

नगर प्रमुख श्री ईश्वरनारायण मानन्धरले आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने महत्वपूर्ण कुराहरु उठाउने नगर सभा सदस्यहरुलाई धन्यवाद दिदै प्रस्तुत भीमेश्वर नगरपालिकाको आ.ब. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पारितका लागि नगर सभा समक्ष प्रस्ताव गर्नु भएकोमा नगर सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

निर्णय नं. २ः- सभाध्यक्षद्वारा नगर सभाको अर्को बैठक मिति २०८०/३/१० गते बिहान ११.०० बजे भीमेश्वर सदनमा बस्ने गरी आजको बैठक स्थगन गरियो ।

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

२०८०/०३/१० गतेको तेश्रो नगर सभाको दोस्रो बैठक

निर्णय नं.१ः- भीमेश्वर नगरपालिकाको मिति २०८०/०३/०९गतेको तेह्रौ नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ का लागि रु ८१,१२,९०,०००/- (एकासी करोड बाह्रलाख नब्बे हजार) को बजेट तथा कार्यक्रम स्थानीय तह निर्वाचन २०७९,पछिको तेश्रो नगर सभाको दोश्रो बैठकमा यस नगरपालिकाका उपप्रमुख श्री कमला बस्नेतद्वारा नगर सभा समक्ष प्रस्तुत गर्नुभयो ।

निर्णय नं. २ः- स्थानीय तह निर्वाचन २०७९, पछिको तेश्रो नगर सभामाको दोश्रो बैठकमा यस नगरपालिकाका उपप्रमुख श्री कमला बस्नेतद्वारा आगामी आ.व. २०८०/०८१ का लागि नगर सभा समक्ष प्रस्तुत रु ८१,१२,९०,०००/- (एकासी करोड बाह्रलाख नब्बे हजार) को बजेट तथा कार्यक्रम पारित गरियोस भनि निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ः- विधेयक समितिका संयोजक एवं नगर सभा सदस्य श्री हिमाल श्रेष्ठ द्वारा नगर प्रमुख श्री ईश्वरनारायण मानन्धर मार्फत नगर सभा समक्ष टेबुल गर्नु भएको भीमेश्वर नगरपालिकाको विनियोजन विधेयक, २०८० र आर्थिक विधेयक, २०८० पारित गरियोस भनि निर्णयार्थ प्रस्तुत हुँदा नगर सभाद्वारा सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ४ः- भीमेश्वर नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक श्री कमला बस्नेतले नगर प्रमुख श्री ईश्वर नारायण मानन्धर मार्फत नगर सभा समक्ष टेबुल गर्नु भएको आर्थिक बर्ष २०७९/०८० को न्यायिक समितिको वार्षिक प्रतिवेदन निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

निर्णय नं.५ः-भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को विनियोजन ऐन,२०७९मा आवश्यकताका आधारमा कार्यपालिकाद्वारा विभिन्न मितिमा संसोधन/ रकमान्तर

ईश्वर नारायण मानन्धर
प्रमुख

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

/ शिर्षकान्तर गरी कार्यान्वयन भएका योजना तथा बजेट रकमलाई अनुमोदन गरिदिन नगर सभा समक्ष प्रस्ताव गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मत रूपमा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:-चालु आ.ब.२०७९/०८० मा संघ, प्रदेश सरकारबाट प्राप्त भएको बजेट सिलिंग बमोजिम योजना/कार्यक्रम तर्जुमा भई कार्यान्वयन भएका आयोजनाहरुको हकमा संघ र प्रदेश सरकारबाट बजेट सिलिंग बमोजिम बजेट प्राप्त नभएको सन्दर्भमा यस नगरपालिकाको संचित कोष र विशेष कोषमा उपलब्ध भएका श्रोतहरु मध्येबाट सम्पन्न भएका आयोजना /कार्यक्रमहरुको रकम भुक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्न नगर सभा समक्ष प्रस्ताव गरिएकोमा उक्त प्रस्तावलाई सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ७:- नगर प्रमुखद्वारा भीमेश्वर नगरपालिकाको स्थानीय वन विधेयक र स्थानीय वातावरण संरक्षण विधेयक तर्जुमा गर्ने सन्दर्भमा उक्त विधेयकहरुको मस्यौदा विधेयक तर्जुमाका लागि नगर कार्यपालिकालाई अनुमति प्रदानका लागि प्रस्ताव गरिएकोमा सर्वसम्मत रूपमा उक्त प्रस्ताव पारित गरियो।

निर्णय नं. ८:-सभाध्यक्षद्वारा नगर सभाको अर्को बैठक मिति २०७९/३/२७ गते बिहान ११.०० बजे बस्ने गरी बैठक स्थगन गरियो ।

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

२०८०/०३/२७ गतेको तेश्रो नगर सभाको तेश्रो बैठक

निर्णय नं. १:- स्थानीय तह निर्वाचन २०७९ पछिको तेश्रो नगर सभाको तेस्रो बैठकमा भीमेश्वर नगरपालिकाका आ.ब.२०८०/८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, विनियोजन ऐन,२०८०, आर्थिक ऐन, २०८० लाई समेटेर तयार पारिएको भीमेश्वर नगरपालिकाको वार्षिकनीति, योजना, कार्यक्रम बजेट पुस्तिका (रातो किताव) सार्वजनिक गरियो ।

नगर सभाको शून्य समयमा भागलिदै नगर सभा सदस्यहरु क्रमशः श्री कृष्ण कुमार श्रेष्ठ, श्री नविन कुमार लामा, श्री गोपाल बहादुर थामी, कमला बस्नेतले आ.ब.२०८०/०८१ को स्वीकृत वार्षिकनीति तथा कार्यक्रम, विनियोजन ऐन, २०८०, आर्थिक ऐन, २०८० को कार्यान्वयनमा आउन सक्ने अवसर र चुनौती तथा त्यसको सामना गर्दै सबैले मिलेर समयमै कार्य सम्पादन गर्नुपर्ने धारणा राख्नु भयो।

नगर सभामा उठेका विभिन्न सवालहरुको जवाफ दिदै नगर प्रमुख श्री ईश्वरनारायण मानन्धरले नगर सभालाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण नगर सभासदज्यूहरु, कर्मचारीसाथीहरु लगायत सम्बद्ध सबैप्रति धन्यवाद व्यक्त गर्दै, तेस्रो नगर सभाका सम्पूर्ण कार्यक्रमहरु यही समापन भएको घोषणा सहित तेस्रो नगर सभा विसर्जन गर्नु भयो ।

ईश्वर नारायण मानन्धर
नगर प्रमुख